# जलबायु उत्थान्शील खानेपानी सेवा, निर्माण पश्चात सहयोग योजना

## Post Construction Support Services (PCSS) plan for Climate Resilient Water Supply services

महाबु गाउँपालिका

दैलेख

कर्णाली प्रदेश

नेपाल

आ. वा. २०८१/ २०८२

महाबु गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
गैडाबाज, दैलेख
कर्णाली प्रदेश, नेपाल

# १. परिचय

## १.१. जलबायु उत्थान्शील खानेपानी सेवामा निर्माण पश्चात सहयोग (PCS) किन महत्त्वपूर्ण छ ?

सबै नागरिकलाई खानेपानी सेवामा समुचित पहुँच सुनिश्चित गर्नु स्थानीय सरकारको प्रमुख जिम्मेवारी हो। खानेपानी सेवा स्थानीय सरकारले तोकेको आधारभूत सेवा मापदण्डहरू अनुरूप हुनुपर्छ, जसलाई क्रमिक रूपमा मध्यमदेखि उच्च स्तरको सेवातर्फ उन्नत गर्दै लैजानुपर्दछ। जलबायु उत्थान्शील खानेपानी सेवा निर्माण पश्चातको सहयोग योजनाले खानेपानी योजनाको सेवास्तर सुधार गर्नुका साथै योजनाको नियमित संचालन र व्यवस्थापनका आवश्याक क्रियाकलापहरुको तर्जुमा गर्दछ ।

यस योजनाको मुख्य उद्‌देश्य, खानेपानी योजनाको निर्माण पश्चात् पनि खानेपानी सेवाहरूलाई दिगो बनाइराख्न आवश्यक सहयोग, निगरानी र व्यवस्थापन प्रणालीलाई सुदृढ पार्नु हो, जसले गर्दा स्थानीय सरकार र सेवा प्रादायक संस्थाले खानेपानी सेवाको गुणस्तरलाई कायम राख्न सक्छन् ।

यस योजनाले सबै लैंगिकता, जलवायु उत्थान्शिलाता समेतलाई समेटी दिगो, निरन्तर र समाबेशी खानेपानी सेवा निर्धारण गर्न गुणस्तरीय पूर्वाधारको साथै दिगो सञ्चालन, मर्मतसम्भार र व्यवस्थापन आवश्यक क्रियाकलापहरु तर्जुमा गर्दछ ।

## १.२. खानेपानी योजनाको संचालन तथा व्यवस्थापनको अवस्था विश्लेषण बिधि

कुनै पनि खानेपानी योजनाको संचालन तथा व्यवस्थापनको अवस्था तल उल्लेखित प्रश्नावलीहरुमा निर्भर रहन्छ ।


- खानेपानी योजना गाउँपालिका वा जिल्ला जलश्रोत समितिमा दर्ता भएकोछ ?
- खानेपानी योजनामा उपभोक्ता समिति/ सेवा प्रदायक संस्था छ ? छ भने निस्क्रिय छ कि सक्रिय छ ? (अन्तिम छ महिना सम्म)
- खानेपानी योजनामा मर्मत सम्भार कार्यकर्ता छ कि छैन ? छ भने तालिम प्राप्त छ कि छैन ?
- कुनै दुई वा दुई भन्दा बढी खानेपानी योजनालाई एउटा खानेपानी सेवा प्रदायकबाट संचालन व्यवस्थापन गर्न सक्ने सम्भावना छ कि छैन ?
- खानेपानी उपभोक्ता समिति/सेवा प्रदायक संस्थाले जलबायु उत्थान्शील खानेपानी सेवा संचालन तथा व्यवस्थापन कार्यविधि लागु गरेका छन् ?

यसरि खानेपानी योजना दर्ताको अवस्था, उपभोक्ता समिति गठन तथा सक्रियता, मर्मत सम्भार कार्यकर्ताको परिचालन तथा क्षमता, संचालन तथा व्यवस्थापन कार्यविधि आदि अवस्थाले कुनै पनि खानेपानी योजना निर्माण पश्चातको संचालन तथा व्यवस्थापनको अवस्था झल्काउछ भन्ने मान्यता यस योजनाले राखेको छ ।

मञ्जु कुमारी शाही (पाण्डे)
गा.बा. अध्यक्ष

महाबु गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
गैडाबाज, दैलेख
कर्णाली प्रदेश, नेपाल

## १.३. जलबायु उत्थान्शील खानेपानी सेवामा निर्माण पश्चात सहयोग (PCS) चक्र



## २. महाबु गाउँपालिकामा खानेपानी सेवा संचालन र व्यवस्थापनको अवस्था

NWASH-MIS (२०२४ को तथ्यांक अनुसार) यस गाउँपालिकामा जम्मा ५६ वटा खानेपानी योजनाहरु प्रबिस्ट भएका छन् । NWASH-MIS, दिगोपना तथा व्यवस्थापन सम्बन्धि (२०२४ को अध्यावधि) तथ्यांक अनुसार १३ वटा खानेपानी योजनाहरु मात्र गाउँपालिकामा दर्ता भएकाछन् । ११ वटा खानेपानी योजनामा मात्र तालिम प्राप्त खानेपानी ग्रामिण मर्मत सम्भार कार्यकर्ता रहेका छन् । त्यसै गरि मात्र २ वाट योजनाहरुमा गाउँपालिकाले तयार पारेको खानेपानी संचालन व्यवस्थापन सम्बन्धि कार्यबिधिको अभिमुखीकरण गरि लागु गरिएको छ ।

महाबु गाउँपालिकामा NWASH-MIS तथ्यांकमा आधारित रही गाउँपालिकास्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता योजना ( WASH Plan) तयार पारि लागु गरिएको छ । निर्माण पश्चात सहयोग योजनाले खानेपानी, सरसफाइ तथा स्वच्छता योजनाका निर्माण पश्चातका क्रियाकालापहरुलाई कार्यान्वयनमा सहजता ल्याउन सयोग गर्नेछ । जसमा बिशेतः खानेपानी सेवा प्रदायकको क्षमता बिकास, संचालन तथा व्यवस्थापन सहयोग र गाउँपालिकाले गर्नुपर्ने निगरानीका क्रियाकलापहरु पर्दछन् ।

**NWASH-MIS, २०२४ को अध्यावधिक तथ्यांक अनुसार महाबु गाउँपालिकाको खानेपानी संचालन व्यवस्थापनको अवस्था निम्नानुसार रहेको छ ।**

*तालिका २-1: वार्ड अनुसार खानेपानी योजना दर्ताको अवस्था*

| वार्ड | दर्ता नभएका योजना | दर्ता भएका योजना | जम्मा योजना |
|---|---|---|---|
| १ | २ | ३ | ५ |
| २ | ५ | २ | ७ |
| ३ | ४ | | ४ |
| ४ | १४ | ४ | १८ |
| ५ | ६ | २ | ८ |
| ६ | १२ | २ | १४ |
| कुल जम्मा योजना | **४३** | **१३** | **५६** |

यस गाउँपालिकामा कुल ५६ वटा योजना NWASH-MIS प्रविष्ट भएका, जस मध्ये हाल सम्म १३ वटा योजना र योजनाका मुहानहरु जिल्ला जलश्रोत समिति वा गाउँपालिकामा दर्ता भएका छन् । दर्ता नभएका खानेपानी योजनामा प्राय योजनामा उपभोक्ता समिति गठन भएका छैनन् । कतिपयमा एक चोटी उपभोक्ता समिति गठन भए पनि सक्रिय रहेका छैनन् ।

मञ्जु कुमारी प्रसाई (पाण्डे)
का.वा. अध्यक्ष

*तालिका २-2 : खानेपानी योजनामा मर्मत सम्भार कार्यकर्ताको अवस्था*

| वार्ड | मर्मत सम्भार कार्यकर्ता नभएका योजना | मर्मत सम्भार कार्यकर्ता भएका तर तालिम प्राप्त नभएका | तालिम प्राप्त मर्मत सम्भार कार्यकर्ता भएका | जम्मा |
|---|---|---|---|---|
| १ | २ | २ | १ | ५ |
| २ | ३ | १ | ३ | ७ |
| ३ | ४ | ० | 0 | ४ |
| ४ | १२ | १ | ५ | १८ |
| ५ | ७ | ० | १ | ८ |
| ६ | १३ | ० | १ | १४ |
| **कुल जम्मा योजना** | **४१** | **४** | **११** | **५६** |

हाल सम्म महाबु गाउँपालिकामा जम्मा ११ वटा खानेपानी योजनामा मात्र तालिम प्राप्त मर्मत सम्भार कार्यकर्ता रहेका छन् भने ४ वटा योजनामा मर्मत सम्भार कार्यकर्ता रहेपनि योजना मर्मत सम्भार र व्यवस्थापन सम्बन्धि तालिम संचालन गरिएको छैन. बाकि ४१ योजनाहरुमा हाल सम्म मर्मत सम्भार कार्यकर्ता परिचालन गरिएका छैनन् ।

*तालिका २-3: संचालन व्यवस्थापन कार्यविधि लागु भएका खानेपानी योजनाहरु*

| वार्ड | SOP लागु नभएका खानेपानी योजना | SOP लागु भएका खानेपानी योजना | जम्मा योजना |
|---|---|---|---|
| १ | ४ | १ | ५ |
| २ | ७ | ० | ७ |
| ३ | ४ | ० | ४ |
| ४ | १८ | ० | १८ |
| ५ | ८ | ० | ८ |
| ६ | १३ | १ | १४ |
| **कुल जम्मा योजना** | **५४** | **२** | **५६** |

महाबु गाउँपालिकाले सबै खानेपानी योजनामा संचालन र व्यवस्थापनमा एकरुपता ल्याउने ध्येयका साथ जलबायु उत्थान्शील खानेपानी संचालन तथा व्यवस्थापन कार्यविधि तयार पारि पारित गरेको छ । उक्त कार्यबिधि क्रमिक रुपमा पालिका भरिका योजनाहरुमा लागु गर्ने र सो अनुरुप अनुगमन गर्ने लक्ष्य गाउँपालिकाले राखेको छ । हाल सम्म दुई वटा खानेपानी योजनाहरुमा खानेपानी संचालन तथा व्यवस्थापन सम्बन्धि कार्यबिधि लागु गरिएको छ र सो अनुसार यसको सिकाई आदान प्रदान गरि अन्य योजनाहरुमा लागु गरिने लक्ष्य गाउँपालिकाले लिएको छ ।

महाबु गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
दैलेख
गैडाबाज, कर्णाली प्रदेश, नेपाल

# ३. निर्माण पश्चात चरणका क्रियाकालापहरु

## ३.२. जलबायु उत्थान्शील खानेपानी निर्माण पश्चात सहयोग योजना

१. **खानेपानी उपभोक्ता समिति/सेवा प्रदायक संस्था गठन/पुनार्गठन तथा दर्ता प्रक्रियामा सहयोग:** खानेपानी उपभोक्ता समिति/सेवा प्रदायक संस्था गठन नभएका योजनाहरुमा, खानेपानी उपभोक्ता समिति/सेवा प्रदायक संस्था निस्क्रिय भएका योजनाहरुमा र एक भन्दा बढी योजनाहरु एउटा खानेपानी उपभोक्ता समिति/सेवा प्रदायक संस्थाबाट संचालन गर्न सक्ने परिस्थिति भएमा ।

२. **जलबायु उत्थान्शील खानेपानी सेवा संचालन तथा व्यवस्थापन कार्यविधि (SOP) लागु:** खानेपानी उपभोक्ता समिति/सेवा प्रदायक संस्था गठन भइ दर्ता भएका योजनाहरुमा SOP सम्बन्धि तालिम संचालन गर्ने र लागु गर्ने ।

३. **ग्रामिण मर्मत सम्भार कार्यकर्ता (VMW) तालिम संचालन:** खानेपानी उपभोक्ता समिति/सेवा प्रदायक संस्था गठन भइ दर्ता भएका, SOP सम्बन्धि तालिम संचालन भई SOP लागु गरेका योजनामा कम्तिमा ७ दिनको ग्रामिण मर्मत सम्भार कार्यकर्ता तालिम संचालन गर्ने ।

४. **जलबायु उत्थान्शील खानेपानी सुरक्षा योजना तयारीका लागि प्राबिधिक सहयोग:** जलबायु उत्थान्शील खानेपानी सुरक्षा योजना लागु नभएका योजनाहरुमा तालिम तथा योजना तयारीमा सहयोग गर्ने ।

माथि उल्लेखित खानेपानी निर्माण पश्चात क्रियाकलापहरुलाई ध्यान राखी महाबु गाउँपालिकाले आर्थिक बर्ष २०८१/०८२ का लागि *अनुसूची १* बमोजिमको निर्माण पश्चात चरणको योजना तयार पारि लागु गरेको छ । उक्त योजना हरेक बर्ष पुनरालोकन गरि अध्यावधि गरिनेछ ।

## ३.२. गाउँपालिका खानेपानी, सरसफाइ तथा स्वच्छता इकाई, खानेपानी फोकल व्यक्ति तथा वडाबाट अनुगमन र निगरानी

५. **अनुगमन तथा निगरानीका लागि सुची :** गाउँपालिकास्तरीय जलबायु उत्थान्शील खानेपानी सेवा संचालन तथा व्यवस्थापन कार्यविधि (SOP) का सूचक अनुसार खानेपानी योजनाको अनुगमनका लागि प्रश्नहरुको सुची तयार पार्ने । उक्त सुची तयार पार्दा खानेपानी संचालन तथा व्यवस्थापन कार्यविधिका व्यवस्थापकीय, प्राबिधिक, वित्तीय, गुणस्तर, स्व मुल्यांकन विधाका जम्मा ११ वटा प्रमाणिक संचालन बिधिमा आधारित हुनेछन् ।

अनुगमन तथा निगरानीका लागि सुची *अनुसूची २* मा रहेको छ ।

६. **अनुगमन तथा निगरानी तालिका:** गाउँपालिका खानेपानी, सरसफाइ तथा स्वच्छता इकाई, खानेपानी फोकल व्यक्ति तथा वडाबाट अनुगमन तथा निगरानी योजना तयार पारि लागु गर्ने । आ.व. २०८१/०८२ को खानेपानी अनुगमन तथा निगरानी तालिका *अनुसूची ३* मा रहेको छ ।

[signature] (पाण्डे) अध्यक्ष

महाबु गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
गैडाबाज, दैलेख
कर्णाली प्रदेश, नेपाल

## ३.३. निर्माण पश्चातको क्रियाकालाप तथा रणनीति

७. **संचालन तथा व्यवस्थापन :** SOP र ग्रामिण मर्मत कार्यकर्ता तालिम संचालन गर्ने ।

८. **साना मर्मत सम्भार क्रियालापहरु:** योजना संचालनका लागि आवश्यक पर्ने सामान्य मर्मत सम्भार जस्तै धारको टुटी फेर्ने, सानोतिनो पाइप फेर्ने, सरसफाई गर्ने आदि कामहरुको जिम्मेवारी समुदाय वा उपभोक्ता समिति/ सेवा प्रदायक संस्थाले गर्नेछ ।

९. **ठुला मर्मत :** ठुला मर्मत आवश्यक भएको खण्डमा गाउँपालिका वा वडाले सहयोग गर्नेछ, यस सम्बन्धि बजेट खानेपानी, सरसफाई तथा स्वच्छता योजनामा समेटिएको छ, त्यस अनुसार गाउँपालिकाले अनुगमन तथा निगरानी प्रतिबेदनको आधारमा बार्षिक योजना तयार पार्नेछ ।

१०. अनुगमन तथा निगरानी बाट नतिजा अनुसार राम्रो कार्यसम्पादन भएका योजनाहरुलाइ प्रोत्सहानको व्यवस्था गर्ने र कार्य सम्पादन राम्रो नभएका वा प्रमाणिक कार्यविधि सूचक प्राप्त गर्न नसकेका योजनाहरुलाई सो अनुसार तालिमको व्यवस्था गर्ने ।

## ३.४ आपतकालीन WASH योजना

गाउँपालिकाले विपद तथा आपतकालीन अवस्थामा खानेपानी सेवाको सुनिश्चित गर्न आपतकालीन खानेपानी, सरसफाई तथा स्वच्छता योजना तयार पारिनेछ । यस योजनामा गाउँपालिकाले आपतकालीन अवस्थामा कसरी खानेपानी सेवा प्रभाव गर्ने र उपभोक्ता समिति/सेवा प्रदायक संस्थालाई कसरि सहयोग गर्ने भन्ने क्रियाकलापहरु यस योजनामा समेटिनु पर्छ ।

## ३.५. उपभोक्ता समिति/ सेवा प्रदायकहरूलाई / WUSC गठन गर्न र गाउँपालिकामा दर्ता गर्नका लागि प्रोत्साहनका क्रियाकलापहरु

११. निःशुल्क पानीको गुणस्तर परीक्षण गर्ने ।

१२. दर्ता गरिएका प्रणालीहरूले नवीकरण/पुनर्स्थापना गर्नका लागि RM-WASH योजनाको प्राथमिकता सूचीबाट लगानी प्राप्त गर्नेछन्।

१३. SOPs, VMW, र CR-WSP विकासको लागि तालिम प्राप्त गर्नेछन्।

१४. CR-WSP कार्यान्वयन गरीएका योजनाहरुमा ठुला मर्मतका क्रियाकलापहरु तथा सेवास्तर सुधार तथा बिस्तारका लागि गाउँपालिका तथा अन्य साझेदार संस्थाहरुबाट लागनीको लागि प्राथमिकता दिने ।

१५. आपतकालीन अवस्थामा र त्यसपछि पनि योजनाको मर्मतका लागि सहयोग गर्ने ।

कुमारी शर्मा (पाण्डे)
अध्यक्ष

## ४. अनुसूचीहरु

### अनुसूची १. जलबायु उत्थान्शील खानेपानी आयोजना निर्माण पश्चात सहयोग बजेट तथा कार्ययोजना आ. व. २०८१/०८२/०८३

माथि उल्लेखित क्रियाकलापहरुलाई समेटी यस आर्थिक बर्ष र आगामी आर्थिक बर्ष ०८२/०८३ को निर्माण पश्चात सहयोग कार्ययोजना निम्नानुसार रहेको छ।

| सी. न. | क्रियाकलापहरु | इकाई | लक्ष्य | दर | रकम रु. | कार्ययोजना: दोश्रो त्रैमासिक २०८१/०८२ | तेस्रो त्रामासिक २०८१/०८२ | चौथो त्रामासिक २०८१/०८२ | पहिलो त्रामासिक २०८२/०८३ | दोश्रो त्रैमासिक २०८२/०८३ | तेस्रो त्रामासिक २०८२/०८३ | चौथो त्रामासिक २०८२/०८३ | जम्मा | जिम्मेवारी | सहयोग | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | **कुल जम्मा रकम** | | | | २६४३००० | ४१९०००० | ८२२००० | ७६२०००० | २८४०००० | १४००००० | १८८०००० | २८००० | २६४३००० | | | |
| १ | **खानेपानी उपभोक्ता समिति/सेवा प्रदायक संस्था गठन/पुनार्गठन तथा दर्ता** | | | | | | | | | | | | | खानेपानी शाखा/इकाई | वडा / सहयोगी संस्था | योजना स्तरीय |
| | लक्षित खानेपानी योजना | योजना | ४३ | | | १० | १० | २३ | | | | | ४३ | | | |
| | लक्षित कार्यक्रम | अभुमुखिकरण/दर्ता | ४३ | | | १० | १० | २३ | | | | | ४३ | | | |
| | बजेट | | ४३ | २०००० | ८६००० | २०००० | २०००० | ४६००० | | | | | ८६००० | | | |
| २ | **जलबायु उत्थान्शील खानेपानी सेवा संचालन तथा व्यवस्थापन कार्यविधि (SOP) तालिम** | | | | | | | | | | | | | खानेपानी शाखा/इकाई | | पालिका स्तरीय ३ दिने तालिम |
| | लक्षित खानेपानी योजना | योजना | ५३ | | | १३ | १६ | १२ | १२ | | | | ५३ | | | |

| | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | लक्षित कार्यक्रम | तालिम | ६ | | | १ | १ | १ | १ | | | | ६ | | | |
| | बजेट | | ६ | १५० ००० | ९०००००० | ३०००० ० | ३००००० | १५००० ० | १५००० ० | | | | ९०००० ० | | | |
| 3 | **ग्रामिण मर्मत सम्भार कार्यकर्ता (VMW) तालिम संचालन** | | | | | | | | | | | | | खानेपानी शाखा/इकाई | वडा / सहयोगी संस्था | पालिका स्तरीय सात दिने तालिम |
| | लक्षित खानेपानी योजना | योजना | ४५ | | | | २३ | २२ | | | | | ४५ | | | |
| | लक्षित कार्यक्रम | तालिम | २ | | | | १ | १ | | | | | २ | | | |
| | बजेट | | २ | ४०० ००० | ८००००० | | ४००००० | ४०००० ० | | | | | ८०००० ० | | | |
| 4 | **जलबायु उत्थान्शील खानेपानी सुरक्षा योजना तालिम तथा लागु** | | | | | | | | | | | | | खानेपानी शाखा/इकाई | वडा / सहयोगी संस्था | योजना स्तरीय |
| | लक्षित खानेपानी योजना | योजना | ५३ | | | १३ | १६ | १२ | १२ | | | | ५३ | | | |
| | लक्षित कार्यक्रम | तालिम/WSP | ५३ | | | १३ | १६ | १२ | १२ | | | | ५३ | | | |
| | बजेट | | ५३ | ३०० ० | १५९००० | ३९००० | ४८००० | ३६००० | ३६००० | | | | ५९००० | | | |
| 5 | **जलबायु उत्थान्शील खानेपानी सुरक्षा योजना समिक्षा तथा अध्यावधि** | | | | | | | | | | | | | खानेपानी शाखा/इकाई | वडा / सहयोगी संस्था | योजना स्तरीय |
| | लक्षित खानेपानी योजना | योजना | ५६ | | | ४ | | | ८ | १० | २० | १४ | ५६ | | | |
| | लक्षित कार्यक्रम | तालिम/WSP | ५६ | | | ४ | | | ८ | १० | २० | १४ | ५६ | | | |
| | बजेट | | ५६ | २०० ० | ११२००० | ८००० | | | १६००० | २०००० | ४०००० | २८००० | ११२०० ० | | | |

| | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ६ | **जलवायु उत्थानशील खानेपानी योजनाको गुणस्तर परिक्षण तथा NWASH-MIS तथ्यांक प्रबिष्ठ गर्ने काम** | | | | | | | | | | | | | खानेपानी शाखा/इकाई /स्वास्थ्य शाखा | वडा / सहयोगी संस्था | योजना स्तरीय एउटा योजना मा कम्तिमा दुई पटक |
| | लक्षित खानेपानी योजना | योजना | ५६ | | | १३ | | | १३ | १० | २० | | ५६ | | | |
| | लक्षित कार्यक्रम | परिक्षण/ पटक | ११२ | | | २६ | | | २६ | २० | ४० | | ११२ | | | |
| | बजेट | | ११२ | २००० | २२४००० | ५२००० | | | ५२००० | ४०००० | ८०००० | | २२४००० | | | |
| ७ | **खानेपानी योजनाको संचालन तथा व्यवस्थापन अवस्था अनुगमन** | | | | | | | | | | | | | खानेपानी तथा सरसफाइ शाखा शाखा | वडा | पालिका स्तरीय अनुगमन |
| | लक्षित खानेपानी योजना | योजना | ५६ | | | | २ | १५ | १५ | १५ | ९ | | ५६ | | | |
| | लक्षित कार्यक्रम | अनुगमन / पटक | ५६ | | | | २ | १५ | १५ | १५ | ९ | | ५६ | | | |
| | बजेट | | ५६ | २००० | ११२००० | | ४००० | ३०००० | ३०००० | ३०००० | १८००० | | ११२००० | | | |
| ८ | **खानेपानी योजनाको ठुला मर्मत सहयोग** | | | | | | | | | | | | | खानेपानी शाखा/प्राबिधिक शाखा | वडा | योजना स्तरीय अनुमानित रकम, आवश्यकता अनुसार |

महाबु गाउँपालिकाको कार्यालय, दैलेख, कर्णाली प्रदेश, नेपाल

| | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | लक्षित खानेपानी योजना | योजना | १० | | | | | २ | ४ | | २ | २ | | १० | | |
| | लक्षित कार्यक्रम | योजना मर्मत | १० | | | | | २ | ४ | | २ | २ | | १० | | |
| | बजेट | | १० | २५० ०० | २५०००० | | | ५०००० | १०००० ० | | ५०००० | ५०००० | | २५००० ० | | |

# अनुसूची २ : संचालन तथा व्यवस्थापन अनुगमन तथा निगरानीका लागि प्रश्नावली

**गाउँपालिका वा वडा बाट योजना सन्चालन  तथा व्यवस्थापनको अवस्था अनुगमन तथा निगरानी गर्दा फाराम**

*खानेपानी योजनाको नाम: ..............................................................वार्ड नं:..................*

*समुदायको नाम : ..........................लाभान्वित घरधुरी ........................*

| प्रश्न नं. | प्रा. सं. वि. | आयोजना संचालन तथा व्यवस्थापनको अवस्था | अवस्था मुल्यांकन |
|---|---|---|---|
| १ | १ | खानेपानी योजनाको संचालन तथा व्यवस्थापनका लागि समाबेशी खानेपानी उपभोक्ता समिति/सेवा प्रदायक संस्थाको गठन भएको छ ? | छ ...................<br>छैन .................. |
| २ | १ | सेवा प्रदायक संस्थाको नियमित बैठक बस्ने गरेको छ ? बैठकको अभिलेख हेर्ने । | छ ...................<br>छैन .................. |
| ३ | २ | खानेपानी योजनामा तालिम प्राप्त मर्मत सम्भार कार्यकर्ता हुनुहुन्छ ? | छ ...................<br>छैन .................. |
| ४ | २ | ग्रामीण खानेपानी मर्मत संभार कार्यकर्ताले नियमित रुपमा मुख्य तथा शाखा पाइपलाइन, पानी टयांकी तथा अन्य संरचनाको स्थलगत निरिक्षण गरि अवस्थाको अध्यावधि गरेको छ ? रेकर्ड चेक गर्ने । | छ ...................<br>छैन .................. |
| ५ | २ | ग्रामीण खानेपानी मर्मत संभार कार्यकर्ता वा सेवा प्रादायक संस्थाले योजना अनुसार नियमित रुपमा मुख्य तथा शाखा पाइपलाइन, पानी टयांकी तथा अन्य संरचनाको सम्भार तथा मर्मतको काम गरेको छ ? | छ ...................<br>छैन .................. |
| ६ | ३ | खानेपानी उपभोक्ता समिति वा सेवा प्रदायक संस्थामा उपभोक्ताहरुको गुनासो व्यवस्थापनको अभ्यास छ ? गुनासो दर्ताको प्रक्रिया तथा दस्ताबेज हेर्ने । | छ ...................<br>छैन .................. |
| ७ | ३ | खानेपानी उपभोक्ता समिति वा सेवा प्रदायक संस्थामा उपभोक्ताहरुको गुनासो व्यवस्थापनको अभ्यास छ भने कुन कुन माध्याम बाट गुनासो संकलन तथा दर्ता गरिएका छन् ? | फोन: ....<br>एसएम एस: .....<br>लिखित .....<br>मौखिक ...... |
| ८ | ३ | योजना सम्बन्धि गुनासो समाधान गर्न औषतमा कति समय लाग्ने गरेको छ ? | एक दिन भित्र ......<br>दुई देखि तीन दिन ....<br>तीन दिन भन्दा बढी |
| ९ | ४ | खानेपानी उपभोक्ता समिति वा सेवा प्रदायक संस्थाले खर्च भएर जाने र नजाने जिन्सी खाता राख्न निश्चित व्यक्तिको व्यवस्था गरेको छ ? | छ ...................<br>छैन .................. |
| १० | ४ | खानेपानी उपभोक्ता समिति वा सेवा प्रदायक संस्थाले खर्च भएर जाने र नजाने जिन्सी खाता उचित तरिकाले राख्ने गरेको छ ? | छ ...................<br>छैन .................. |
| ११ | ५ | खानेपानी योजनाको धारामा मिटर जडान गरिएको छ ? | छ ................... |

महाबु गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय गैडाबाज, दैलेख कर्णाली प्रदेश, नेपाल

| | | | |
|---|---|---|---|
| | | छ भने कति वटा धारामा गरिएको छ ? | छैन .................. <br> मिटर जडान गरिएका धाराहरु ......... |
| १२ | ५ | मर्मत सम्भार कार्यकर्ता/ उपभोक्ता समिति/ सेवा प्रदायक संस्थाले नियमित मिटर रिडिंग गरि पानी महसुल उठाउने गरेको छ ? | छ .................. <br> छैन .................. |
| १३ | ६ | खानेपानी योजनामा पानीको शुद्धिकरणका लागि नियमित क्नोरिनेशनेशन गर्ने अभ्यास छ ? | छ .................. <br> छैन .................. |
| १४ | ६ | खानेपानी योजनामा क्नोरिनेशनेशनका लागि तालिम प्राप्त जनशक्ति छ ? | छ .................. <br> छैन .................. |
| १५ | ६ | खानेपानी योजनामा क्नोरिनेशनेशन पश्चात बेला बेलामा अवशेष क्नोलोरिन परिक्षण गरि रेकर्ड राख्ने अभ्यास छ ? | छ .................. <br> छैन .................. |
| १६ | ७ | उपभोक्ता समिति/ सेवा प्रदायक संस्थाको बैंक खाता छ ? | छ .................. <br> छैन .................. <br> छ भने कुन बैंकमा छ ................. |
| १७ | ७ | उपभोक्ता समिति/ सेवा प्रदायक संस्थाले आम्दानी खर्च खाता तथा बैंक खाता अध्यावधि गरेको छ ? | छ .................. <br> छैन .................. |
| १८ | ७ | उपभोक्ता समिति/ सेवा प्रदायक संस्थाले मासिक वित्तिय ब्यालेन्स स्टेटमेन्ट अध्यावधि गरेको छ ? | छ .................. <br> छैन .................. |
| १९ | ८ | उपभोक्ता समिति/ सेवा प्रदायक संस्थाले सम्भार खर्च, सानातिना मर्मत खर्च र ठुला खर्चको हिसाव गरि पूर्ण जीवन चक्र वा मारमार सम्भार खर्चको आधारमा पानी महसुल निर्धारण गरको गरि बार्षिक साधारण सभा बाट अनुमोदन गरेकोछ ? | छ .................. <br> छैन .................. |
| २० | ८ | उपभोक्ता समिति/ सेवा प्रदायक संस्थाले मिटर तथा मिटर नजोडेका घरहरुको पानीको प्रयोगको अभिलेख राखेको छ ? | छ .................. <br> छैन .................. |
| २१ | ९ | उपभोक्ता समिति/ सेवा प्रदायक संस्थाले जलबायु उत्थान्शील खानेपानी सुरक्षा योजना तयार पारि, कार्यन्वयन गरि बार्षिक रुपमा अध्यावधि गरेको छ ? | छ .................. <br> छैन .................. |
| २२ | ९ | उपभोक्ता समिति/ सेवा प्रदायक संस्थाले जलबायु उत्थान्शील खानेपानी सुरक्षा योजना तयार पार्दा योजनाले बातावरणमा पार्ने असरको अध्ययन गरि नियन्त्रणका लागि योजना बनाई लागु गरेको छ ? | छ .................. <br> छैन .................. |
| २३ | १० | उपभोक्ता समिति/ सेवा प्रदायक संस्थाले नियमित रुपमा खानेपानीको गुणस्तर परिक्षण गरि रेकर्ड राखेको छ ? | छ .................. <br> छैन .................. |
| २४ | ११ | के उपभोक्ता समिति/ सेवा प्रदायक संस्थाले प्रा. स. बि. ११ अनुसारको योजनाको सो मुल्यांकन फारम भरि अध्यावधि गर्ने गरेको छ ? | छ .................. <br> छैन .................. |

(पाण्डे)

महाबु गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
गैडाबाज, दैलेख
कर्णाली प्रदेश, नेपाल

## अनुसूची ३: खानेपानी अनुगमन तथा निगरानी तालिका, २०८१/२०८२

| सि. न. | क्रियाकलाप | लक्ष्य | कहिले | कसले | कसरि |
|---|---|---|---|---|---|
| १ | पानीको गुणस्तर परिक्षण तथा NWASH-MIS मा अध्यावधि गर्ने | सबै योजनामा | कम्तिमा बर्षको दुई चोटी, बर्षातमा र बर्षा पछि | गाउँपालिका, खानेपानी शाखा/ इकाई, स्वास्थ्य शाखा / सूचना अधिकृत | सेवा प्रदायक संस्था र वडा कार्यालय संगको सहकार्यमा नमुना संकलन गर्ने । |
| २ | अनुगमन तथा निगरानी | सबै योजनामा | कम्तिमा बर्षको एक चोटी | वडा प्राबिधिक तथा खानेपानी प्राबिधिक | अनुगमन गर्ने र अनुगमन तथा निगरानी फाराम अध्यावधि गर्ने र वडा तथा गाउँपालिकामा प्रतिबेदन पेश गर्ने । |
| ३ | निर्माण पश्चात सहयोगको योजना अध्यावधि गर्ने | सबै योजनामा | योजना तर्जुमाको बेलामा | गाउँपालिका, खानेपानी शाखा/ इकाई, स्वास्थ्य शाखा / सूचना अधिकृत | अनुगमन तथा निगरानी प्रतिबेदन अनुसार थप योजना बनाएर पालिकामा पेश गर्ने |

मन्जु कुमारी शर्मा (पाण्डे)
का.वा. अध्यक्ष

श्चात सहयोग योजना
उँपालिका
०८१/०८२ र २०८२/०८३

| क्रियाकलापहरु | इकाई | लक्ष्य | दर | रकम रु. | कार्ययोजना दोश्रो त्रैमासिक २०८१/०८२ | तेस्रो त्रामासिक २०८१/०८२ | चौथो त्रामासिक २०८१/०८२ | पहिलो त्रामासिक २०८२/०८३ | दोश्रो त्रैमासिक २०८२/०८३ | तेस्रो त्रामासिक २०८२/०८३ | चौथो त्रामासिक २०८२/०८३ | जम्मा | जिम्मेवारी | सहयोग | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| कुल जम्मा रकम | | | | 2643000 | 419000 | 822000 | 762000 | 284000 | 140000 | 188000 | 28000 | 2643000 | | | |
| नेपानी उपभोक्ता समिति/सेवा प्रदायक संस्था ठन/पुनार्गठन तथा दर्ता | | | | | | | | | | | | | खानेपानी शाखा/इकाई | वडा / सहयोगी संस्था | योजना स्तरीय |
| क्षित खानेपानी योजना | योजना | ४३ | | | १० | १० | २३ | | | | | 43 | | | |
| क्षित कार्यक्रम | अभुमुखिकरण/दर्ता | ४३ | | | १० | १० | २३ | | | | | 43 | | | |
| जेट | | ४३ | २००० | 86000 | २०००० | २०००० | ४६००० | | | | | 86000 | | | |
| लबायु उत्थान्शील खानेपानी सेवा संचालन तथा वस्थापन कार्यविधि (SOP) तालिम | | | | | | | | | | | | | खानेपानी शाखा/इकाई | | पालिका स्तरीय ३ दिने तालिम |
| क्षित खानेपानी योजना | योजना | ५३ | | | १३ | १६ | १२ | १२ | | | | 53 | | | |
| क्षित कार्यक्रम | तालिम | ६ | | | २ | २ | १ | १ | | | | 6 | | | |
| जेट | | ६ | 150000 | 900000 | ३००००० | ३००००० | १५०००० | १५०००० | | | | 900000 | | | |
| मिण मर्मत सम्भार कार्यकर्ता (VMW) तालिम ालन | | | | | | | | | | | | | खानेपानी शाखा/इकाई | वडा / सहयोगी संस्था | पालिका स्तरीय सात दिने तालिम |
| क्षित खानेपानी योजना | योजना | ४५ | | | | २३ | २२ | | | | | 45 | | | |
| क्षित कार्यक्रम | तालिम | 2 | | | | १ | १ | | | | | 2 | | | |
| ट | | 2 | 400000 | 800000 | | ४००००० | ४००००० | | | | | 800000 | | | |
| लबायु उत्थान्शील खानेपानी सुरक्षा योजना तालिम ा लागु | | | | | | | | | | | | | खानेपानी शाखा/इकाई | वडा / सहयोगी संस्था | योजना स्तरीय |
| क्षित खानेपानी योजना | योजना | ५३ | | | १३ | १६ | १२ | १२ | | | | 53 | | | |
| क्षित कार्यक्रम | तालिम/WSP | ५३ | | | १३ | १६ | १२ | १२ | | | | 53 | | | |
| ट | | ५३ | 3000 | 159000 | ३९००० | ४८००० | ३६००० | ३६००० | | | | 159000 | | | |
| लबायु उत्थान्शील खानेपानी सुरक्षा योजना समिक्षा ा अध्यावधि | | | | | | | | | | | | | खानेपानी शाखा/इकाई | वडा / सहयोगी संस्था | योजना स्तरीय |
| क्षित खानेपानी योजना | योजना | ५६ | | | ४ | | | ८ | १० | २० | १४ | 56 | | | |
| क्षित कार्यक्रम | तालिम/WSP | 56 | | | ४ | | | ८ | १० | २० | १४ | 56 | | | |
| ट | | 56 | 2000 | 112000 | ८००० | | | १६००० | २०००० | ४०००० | २८००० | 112000 | | | |
| बायु उत्थान्शील खानेपानी योजनाको गुणस्तर क्षण तथा NWASH-MIS तथ्यांक प्रविष्ठ गर्ने काम | | | | | | | | | | | | | खानेपानी शाखा/इकाई /स्वास्थ्य शाखा | वडा / सहयोगी संस्था | योजना स्तरीय एउटा योजनामा कम्तिमा दुई पटक |
| क्षित खानेपानी योजना | योजना | ५६ | | | १३ | | | १३ | १० | २० | | 56 | | | |
| क्षित कार्यक्रम | परिक्षण/ पटक | 112 | | | २६ | | | २६ | २० | ४० | | 112 | | | |
| ट | | 112 | २००० | 224000 | ५२००० | | | ५२००० | ४०००० | ८०००० | | 224000 | | | |
| पानी योजनाको संचालन तथा व्यवस्थापन स्था अनुगमन | | | | | | | | | | | | | खानेपानी तथा सरसफाइ शाखा शाखा | वडा | पालिकास्तरीय अनुगमन |
| क्षित खानेपानी योजना | योजना | ५६ | | | | २ | १५ | १५ | १५ | ९ | | 56 | | | |
| क्षित कार्यक्रम | अनुगमन / पटक | ५६ | | | | २ | १५ | १५ | १५ | ९ | | 56 | | | |
| ट | | 56 | २००० | 112000 | | ४००० | ३०००० | ३०००० | ३०००० | १८००० | | 112000 | | | |
| पानी योजनाको ठुला मर्मत सहयोग | | | | | | | | | | | | | खानेपानी शाखा/प्राविधिक शाखा | वडा | योजनास्तरीय अनुमानित रकम, आवश्यकता अनुसार |
| क्षित खानेपानी योजना | योजना | १० | | | | २ | ४ | | २ | २ | | 10 | | | |
| क्षित कार्यक्रम | योजना मर्मत | १० | | | | २ | ४ | | २ | २ | | 10 | | | |
| ट | | 10 | २५००० | 250000 | | ५०००० | १००००० | | ५०००० | ५०००० | | 250000 | | | |